नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## विज्ञप्ति

सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७७।०९।०५ गते प्रतिनिधिसभाको विघटन तथा आगामी २०७८ साल बैशाख १७ र ऐ २७ गते दुई चरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी घोषणा भए पश्चात मुलुक प्रतिनिधिसभाको आगामी निर्वाचन तर्फ केन्द्रित भएको छ । उक्त निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सुदृढ सुरक्षा व्यवस्था जरूरी छ । कोभिड-१९ को संक्रमणको जोखिम पनि कायमै रहेकोले संक्रमणको जोखिमबाट पनि सुरक्षित रहँदै निर्वाचन सम्पन्न गर्नु पर्ने देखिएको छ । विगतका निर्वाचनको अनुभव तथा सिकाई, विद्यमान तथा संभावित सुरक्षा चुनौतिहरूको सुक्ष्म विश्लेषण/मुल्याङकन गरी निर्वाचन अवधिभर मजवुत सुरक्षा प्रवन्ध मिलाउन गृह मन्त्रालयले सबै सुरक्षा निकायहरूसँग समन्वय गरी गृह मन्त्रालय सुरक्षा तथा समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा एक समिति गठन गरी निर्वाचन केन्द्रित एकीकृत सुरक्षा योजना निर्माण गर्ने सम्बन्धमा आवश्यक तयारी सुरू गरी सकेको छ । निर्वाचन केन्द्रित सुरक्षालाई प्राथमिकतामा राखी सबै सुरक्षा निकायहरूबाट समेत उपलव्ध जनशक्ति एवं श्रोत साधनको अधिकतम रूपमा परिचालन हुने गरी आ-आफ्नो निकायगत सुरक्षा योजना बनाउने तयारी भईरहेको छ । साथै सबै जिल्ला सुरक्षा समितिहरूलाई सुरक्षा चुनौतिहरूको सुक्ष्म विश्लेषण/मुल्याङकन एवं सुरक्षा जोखिमको संवेदनशीलता पहिचान गरी उपयुक्त सुरक्षा रणनीति तथा योजना बनाउन निर्देशन दिइएको छ । अत: आगामी प्रतिनिधिसभाको निर्वाचनलाई निर्धारित मितिमा शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गर्न गृह मन्त्रालय प्रतिवद्ध तथा सक्षम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

निर्वाचन केन्द्रित विभिन्न कार्यक्रम तथा गतिविधि सञ्चालन गर्दा कोभिड-१९ को संक्रमणको जोखिम तथा निर्वाचन विरोधी तत्वको संभावित घुसपैठलाई समेत मध्यनजर गरी सुरक्षित एवं शान्तिपूर्ण रूपमा गर्ने/गराउने व्यवस्थाका लागि समेत सबै राजनीतिक दल, नागरिक समाज, निजीक्षेत्र लगायत सरोकारवाला सबैसँग गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मितिः २०७७/०९/२१

९।२१
चक्र बहादुर बुढो
सहसचिव/प्रवक्ता